# नरैनापुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके, ५ न. प्रदेश नेपाल


**E-Bidding मार्फत सौर्य सडक बत्ती जडान कार्य खरिद गर्ने सम्वन्धी १५ दिने बोलपत्र आवहानको सूचना**

**(प्रथम पटक प्रकाशन मिति :** २०७५/०२/१४ गते)

१) यस गाउपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका सौर्य सडक बत्तीहरु E-Bidding मार्फत खरिद गर्नु पर्ने भएकोले सप्लाई गर्न इच्छुक र वैकल्पीक उर्जा प्रवद्धन केन्द्रमा सुचिकृत फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि बोलपत्रको हकमा १५ औं दिनको कार्यालय समयभित्र बोलपत्र फारम PPMO का] Website www.bolpatra.gov.np/egp बाट Download गरी प्राप्त गर्न सकिने छ ।

३) सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा १६ औं दिनको १२:०० बजेभित्र बोलपत्र फारमसाथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७३/०७४ को कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, उत्पादन कम्पनीको नेपालमा रहेको आधिकारीक एजेण्ट (Importer) को हकमा उत्पादक कम्पनीबाट यस कार्यालयको नाममा सम्बोधन गरिएको Manufacturer's Authorization Letter को प्रमाणित प्रतिलिपी तथा अन्यको हकमा नेपालमा रहेको आधिकारीक एजेण्ट (Importer) बाट स्थानिय एजेण्टलाई यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको पत्र, Bid Submission Form, बोलपत्र दस्तुर वापतको रकमको यस कार्यालयमा जम्मा गरेको राजस्व नगदी रसिद वा यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, नेपालगञ्जमा रहेको शिर्षक नं. १४३१२ र कार्यालय कोड नं. ६२-३६५-२२ मा सञ्चित खाता न .ग ४ १ अर्न्तगत राजस्व खाता न ४१३०३०४०१८१०२ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ पेस गर्नु पर्नेछ । जम्मा गरेको भौचर (रकम फिर्ता नहुने गरी) एवं जमानत वापतको रकम राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, नेपालगञ्जमा रहेको धरौटी खाता नं. ४१३०३०३००७१०२ ग ३, कार्यालय कोड नं. ६२-३६५-२२ मा रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त बै·बाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी कम्तीमा बोलपत्रको हकमा १२० दिन म्याद भएको जमानीपत्र (बिडवण्ड) हरु सहितका कागजातहरु Scanning गरी तोकिएको format मा बोलपत्रसाथ Upload गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइनेछ ।

४) बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा बोलपत्र फारमको Evaluation & Qualification Criteria मा उल्लेख भएका कागजातहरु समेत अनिवार्य रुपमा Upload गर्नुपर्नेछ । उक्त कागजातहरु पेश नगर्ने बोलपत्रदाताहरुको बोलपत्र मान्यता दिईने छैन ।

५) कार्यालयले Hard Copy बोलपत्र उपलब्ध गराउने छैन एवं कुनै बोलपत्रदाताले Download गरी Hard Copy दाखिला गर्न आएमा त्यस्तो बोलपत्रलाई कार्यालयले स्वीकार गर्नेछैन ।

६) बोलपत्रदाताले बोलपत्र दाखिला गर्ने अन्तिम दिन देखी ७ (सात) दिनभित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ ।

७) दर्ता हुन आएका बोलपत्र फारमहरु दर्ता गर्ने अन्तिम मितिमा दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र

मो. इस्माईल खाँ
प्रशासकीय अधिकृत

खोल्न बाधा पर्नेछैन । फारम खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

१०) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३- सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

११) अन्य थप केही कुराहरु बुझ्नु परेमा यस गाउपालिका कार्यालयमा कार्यालय समयभित्र फोन नं. ०८१-५२५०५० मा सम्पर्क गर्न सकिने छ ।

१२) कवोल अंकको ७० प्रतिशत वैकल्पीक उर्जा प्रवर्धन केन्द्र र ३० प्रतिशत नरैनापुर गाँउपालिकाको लगानीमा कार्यक्रम संचालन हुने भएकाले छनोट भएको कम्पनीले 2075.03.15 गते भित्र कार्य सम्पन्न गरि वैकल्पीक उर्जा केन्द्रवाट भुक्तानी लिईसक्नुपर्नेछ ।

१३) सौर्य सडक वत्तीको प्राविधिक स्पेसीफिकेशन वैकल्पीक उर्जा प्रवद्धन केन्द्रले, निर्धारण गरे वमोजिम हुनेछ ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| NRM/GOODS/SQ/35/2074/075 | सौर्य सडक बत्ती जडान तथा खरिद कार्य ४५ थान । | 45 थान | 3000 | **118000** |

२०७५।२।१४

.............................

(मो. इस्माईल खाँ)

(नि .प्रमुख प्रशासकीय अधिकृत)

मो. इस्माईल खाँ
नि. प्रमुख प्रशासकीय अधिकृत